मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मतदाता नामावली (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा संशोधन** : मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ:

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभाको कार्यकाल पूरा हुनु अगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनको लागि आयोगले अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अध्यावधिक गर्ने व्यवस्था गर्न सक्नेछ।"

३. **खारेजी र बचाउ** : (१) मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।